**USAID Civil Society and Media Activity**
**Public Acceleration Challenge Fund**
**Call for Applications**

The Civil Society and Media (CSM) Activity is a five-year program (2022-2027) funded by USAID in Nepal through the CSM-STAND-LWA, with The Asia Foundation as the lead implementer. USAID CSM supports independent civil society and media led by and for women, youth, and marginalized communities to advance public interest, fundamental freedoms, and accountability. Most activities will focus on Lumbini and Madhesh Provinces, with some implemented in Kathmandu. Qualified civil society organizations (CSOs) can now submit their applications for the **Public Acceleration Challenge Fund.**

**Submission Deadline**: **5:00 PM NST, August 25, 2023**

**Public Acceleration Challenge Fund**

In Nepal, civil society has played a significant role in political and social movements such as restoring democracy and transitioning into a federal republic. These movements were significant as they advocated for freedom of expression, the right to association, and other fundamental rights. Nepal has seen the emergence of a vibrant civil society especially after the restoration of democracy in 1990, be it in the form of media watchdogs, or different associations, rights-based networks and coalitions, professional associations, federations, and even formal and informal groups. These civil society organizations (CSOs), which are often used interchangeably with Non-Governmental Organizations (NGOs) have contributed to the preservation of democratic values in Nepal.

Though a vibrant civil society is important for democracy, Nepal has seen the shrinking of civic spaces in the recent years and dominance of NGOs primarily in Kathmandu, with the centralization of governing practice and funding patterns. The centralized approach has overlooked the diverse needs and priorities of marginalized communities in the sub-national level, leading to distrust of mainstream CSOs by historically marginalized groups. Similarly, the unavailability of sustained funding mechanisms has prevented spontaneous movements and initiatives from establishing themselves as long-term organizations. This highlights the need for funding mechanisms and sustainable initiatives at the subnational level especially in the provinces (Lumbini and Madhesh) that can provide continuous support to these movements and initiatives.

The Public Acceleration Challenge Fund aims to bridge these gaps by providing financial resources, technical and other related skills, and expertise support to CSOs interested in expanding and diversifying networks or partnerships to further the interests of WYM groups. This Challenge Fund will encourage collaboration between CSOs, fostering an inclusive and innovative approach mostly utilizing local resources. The core of this challenge fund is to address the diverse needs of marginalized communities and accelerate access to diverse resources via networks, coalitions, or alliances. Moreover, the challenge fund will work to promote the transformational relationship

between the state and citizenry which will help to recognize the importance of citizen's ability to make and enforce collective decisions through inclusive and deliberative mechanisms.

**Theme of the Public Acceleration Challenge Fund:**
The Public Acceleration Challenge Fund will support CSOs in building, expanding and augmenting networks, coalitions, and groups to strengthen civic spaces. The outcome of the fund will be to advance public interest and address issues and concerns of WYM communities. The networks, coalitions, and groups are expected to lead to generating collective voices, prompting advocacy and activism, and resolving the public issues.

## 1. Objectives of the Challenge Fund

The challenge fund is an opportunity to design and deliver support for public accelerators which has following three interrelated objectives:

- To address the public issues of women, youth, and marginalized communities through strengthening local voices and linking it to the relevant networks.
- To accelerate the civil society landscape through networking and coalition building among the civic actors and building capacity of grassroots civil society organizations around the provinces to advance the public interests.
- To facilitate the longevity and sustainability of issue-based networks and coalitions promoted by civic actors and civil society organizations collectively.

## 2. Funding Source Information

USAID Nepal funds the Challenge Fund through the Civil Society and Media - Strengthened Together and Advancing in New Directions (CSM-STAND) Leaders with Associates (LWA) Award. Challenge Fund opportunities complement the Government of Nepal's (GON) efforts and private sector innovations that strengthen inclusive governance and democratic principles.

## 3. Award Information

**3.1. Estimated Funding Level**. Applicants can apply for grants up to USD 50,000 not exceeding (NPR 6,605,000). The Asia Foundation has no preference for funding level, and applications will be evaluated on the merit of the program with no prejudice to the levels of funding sought.

**3.2. Award Implementation Period.** The grant implementation period should not exceed twelve months. The implementation period is to be driven by the logic of the program and no other consideration.

**3.3. Award Type.** All awards under this Call for Applications will be cost-reimbursable grants.

## 4. Eligibility Information

- Network, coalition-based and other civil society organizations working on the issues of women, youth, and marginalized communities.
- Civil society organizations working in and are preparing to work on advocacy, and activism which aims to extend their works.
- Associations, Federations, and groups working on the issues of women, youth, and marginalized communities.
- Civil society organizations which are looking to expand their networks to and from the Madhesh and Lumbini provinces.

- Organizations led by women, youth, and marginalized communities will be prioritized.

Please follow the instructions below carefully. Applications that do not meet the requirements of this announcement or fail to furnish or comply with the stated requirements will be ineligible.

**5. Content and Form of Application Submission**

- The concept note should clearly highlight the specific activities.
- Applications can be submitted in English or Nepali.
- All budgets should be in local currency.
- All pages should be numbered.
- All documents should be formatted to A4 paper.

Applicants are **encouraged (not mandatory for the first submission)** to secure authoritative alphanumeric 12 digits Unique Entity Identifier (UEI) number created in SAM.GOV. Since securing UEI can take around a week, applicants are encouraged to apply for a UEI number by registering under https://sam.gov/content/home before applying.

**Application Process:**

Please follow the following process while applying for the Challenge Fund.

**Step 1:** Email challengefund.np@asiafoundation.org requesting the concept note and budget templates with the subject line mentioning **"Public Acceleration Challenge Fund"**.

**Step 2**: Submission of Application: Interested applicants must email the following while applying the application deadline:

a. **Concept Note:** Submit a concept note using the template provided in Annex 1. The concept note should include the overall activities cycle, clearly highlighting the thematic focus area and other components as mentioned in the template. The concept note can be submitted in the Nepali language as well.
b. **Budget Estimate:** Submit the budget using the template available in Annex 2. The instructions for the budget proposal are mentioned in the budget template.
c. **Other Documents:** Along with the concept note and budget, applicants are required to submit the following:
    - The organization's registration certificate

- Organization's Statute
- Copy of the audit report, if applicable
- List of organization's board members and staff

**Pre-bid Information Session**
For more information, a virtual pre-bid session will be held on **August 17, 2023**. Interested organizations can register for the pre-bid session here: https://forms.office.com/r/bDjDY4KryU or send an email requesting a pre-bid session at challengefund.np@asiafoundation.org before **5:00 PM NST August 16, 2023**. Only registered organizations will have access to the meeting link.

**Funding Restrictions**

The Challenge Fund cannot be used for the following:

- Construction**:** This award does not allow for construction activities or costs.
- Pre-award Costs**:** Pre-award costs are not an allowable expense for this funding opportunity.
- Program Activities**:** Activities that are not typically funded include, but are not limited to:
  - profit-generating projects;
  - scholarships to support educational opportunities or study for individuals;
  - paying to complete activities begun with other funds;
  - financial support for fundraising or fund development projects;
  - projects that are inherently political in nature or that contain the appearance of partisanship/support to an individual or single party;
  - political party and lobbying activities;
  - projects that support specific religious activities; and,
  - microloans/microfinance projects, distribution of seed money for enterprises, and legal/land rights-focused programs.

**Submission Date and Time**
All applications shall be received no later than **5:00 PM Nepal Standard Time, August 25, 2023.** Applications submitted after the deadline will not be considered eligible.

All applications are encouraged to be submitted electronically to the following email address: challengefund.np@asiafoundation.org with the subject line mentioning **"Public Acceleration Challenge Fund"** The time stamp provided by the email service provider will be used to determine whether an application was submitted on time.

The issuance of this Call for Applications does not constitute an award or commitment on the part of the Foundation, nor does it commit the Foundation to pay for costs incurred in preparing and submitting an application.

The Foundation reserves the right to fund any or to make no awards as a result of this call if no application meets the objectives and criteria stated in this call.

## 6. Application Review Information

### 6.1. Selection Criteria:

Each application submitted will go through an evaluation process. Selected applications from the initial screening will be evaluated and rated by an independent Technical Evaluation Panel (TEP) based on an evaluation matrix detailed below. The criteria outlined in the matrix are designed to assess the quality of the concept note and to determine the likelihood of its success. Applications will be reviewed based on their innovative approach, coherence, viability, clarity, and attention to detail.

#### 6.1.1. Concept Note Evaluation Matrix:

| Criteria | Explanation | Points |
|---|---|---|
| Quality of project idea and project planning | This relates to clarity of the problem statement considering the issues of women, youth, and marginalized (WYM) groups; innovativeness, geographical coverage, and alignment of the project idea/s with the broader objectives of the challenge fund. | 40 |
| Inclusivity | This relates to the inclusivity of the approach in the proposed activities. | 20 |
| Ability to achieve the project objective | This relates to how well the goals, objectives, activities, outputs, and outcomes are articulated and linked to the stated problems related to WYM issues and the project's viability. | 20 |
| Institution's track record and organizational capacity | This relates to the qualifications of the personnel deputed to oversee the project, the organization's capacity statement, the inclusivity in the team, the track record and capacity of its partner/s. | 10 |
| Value for money | This relates to the plan to deliver value, project costing, cost-effectiveness, personnel inputs, etc. | 10 |

### 6.2. Review and Selection Process

- Submitted concept notes will be reviewed based on the submitted documents mentioned above and screened for eligibility and alignment with the objective/s of the Challenge Fund. Eligible concept notes will be forwarded to the TEP.
- Based on the Evaluation Matrix, the TEP will evaluate and rank the shortlisted concept notes.
- Once the refined concept notes and budget proposals are received, full-scale due diligence and budget negotiations will be conducted with shortlisted applicants. If the due diligence and budget negotiations are successful, the refined concept note, and the budget proposal shall be submitted for final approval.
- All applicants will be sent a written response on the outcome of their application.

### 6.2.1. Timeline

| Activity | Deadline |
| --- | --- |
| Pre-bid Information session | August 17, 2023 |
| Submission of the application package (concept note, budget, and organization documents) | August 25, 2023 |
| Application Review and Awarding Grants Timeline | Approx. 1.5-2 months |

Selected organizations shall be responsible for complying with the Government of Nepal's requirements regarding the payment of taxes.

## 7. Branding and Marking

Organizations successfully selected to receive the Challenge Fund shall comply with the Branding and Marking Requirements of USAID for all activities, communication materials, and knowledge products produced under the fund as indicated in the approved Branding and Marking Plan for the USAID Civil Society and Media Activity.

**Annexes**

Annex 1: Concept Note Template
Annex 2: Budget Template

[Note: these annexes will be sent to interested applications once an email expressing interest to apply is received. Emails are to be sent to challengefund.np@asiafoundation.org with the subject line mentioning **"Public Acceleration Challenge Fund"**.

**युएसएआइडी सिविल सोसाइटी एण्ड मिडिया एक्टिभिटी (सिएसएमए)**
**पब्लिक एक्सलरेसन् च्यालेन्ज फण्ड**
**आवेदन आह्वान**

द एशिया फाउण्डेशन प्रमुख कार्यान्वयनकर्ता रहेको सिविल सोसाइटी एण्ड मिडिया एक्टिभिटी (सीएसएमए) अर्थात् नागरिक समाज तथा सञ्चार कार्यक्रम अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) को सहयोगमा सञ्चालित पाँच वर्षे (सन् २०२२ देखि २०२७ सम्म) परियोजना हो। युएसएआईडी सीएसएमले सार्वजनिक चासो, आधारभूत स्वतन्त्रता तथा जवाफदेहिता प्रवर्धन गर्न महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिको नेतृत्वमा रहेका र यिनै समूहप्रति लक्षित स्वतन्त्र नागरिक समाज तथा मिडियालाई टेवा दिन्छ । यसका प्राय: कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा केन्द्रित रहनेछन् भने केही कार्यक्रम काठमाडौँमा कार्यान्वयन हुनेछन् । सीएसएमअन्तर्गत **पब्लिक एक्सलरेसन् च्यालेन्ज फन्ड**का लागि अवधारणा पत्र पेश गर्न योग्य नागरिक समाज संस्थालाई आह्वान गर्दै यो सूचना प्रकाशन गरिएको छ ।

**आवेदन पेश गर्ने अन्तिम मिति: ८ भदौ , २०८० । साँझ ५ बजे भित्र ।**

**पब्लिक एक्सलरेसन् च्यालेन्ज फण्ड**

राजनीतिक तथा सामाजिक रूपान्तरणका लागि नेपालमा भएका विभिन्न अभियानमा नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ | अभिव्यक्ति स्वतन्त्रता, संगठित हुन पाउने अधिकार र अन्य मौलिक हकहरूको पैरवी र रक्षामा ती अभियान निकै महत्वपूर्ण साबित भएका छन् । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि लोकतान्त्रिक प्रक्रिया र अभ्यासमा नागरिक समाज झन् क्रियाशील बनेको थियो । मिडिया, पेशागत संगठन्, अधिकारका लागि स्थापित सञ्जाल, गठबन्धन, महासंघ र औपचारिक तथा अनौपचारिक समूह नेपाली नागरिक समाजका महत्वपूर्ण अङ्ग बनेका छन् । कतिपय सन्दर्भमा गैर् सरकारी संस्था (एनजीओ)को पर्यायवाचीको रूपमा हेरिने नागरिक समाज संस्था (Civil Society Organizations) ले नेपालमा लोकतन्त्र र लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र संवर्द्धनमा योगदान पुर्‍याएका छन्।

गतिशील नागरिक समाज लोकतन्त्रका लागि अपरिहार्य हुन्छ । तर, नेपालमा पछिल्लो समय नागरिक समाजको दायरा संकुचित हुँदै गइरहेको छ । शासकीय अभ्यास, गैर्-सरकारी संस्थाको गतिविधि, र विकास साझेदार संस्थाको आर्थिक सहयोग संघीय राजधानी काठमाण्डौँमा केन्द्रिकृत हुनु यसका केही कारण हुन् । नागरिक समाज सम्बन्धि अधिकांस क्रियाकलाप काठमाण्डौँ केन्द्रित

भएकाले त्यसबाट प्रदेशहरूका सीमान्तकृत तथा बहिष्कृत समुदायका आवश्यकता र प्राथमिकताको सम्बोधन हुन सकेको छैन । यसले गर्दा ऐतिहासिक रूपमा उत्पीडित समुदायले मूलधारका नागरिक समाज संस्थामाथि विश्वास नगर्ने वातावरण सिर्जना भएको छ । आर्थिक सहयोगको दीर्घकालीन स्रोत र संयन्त्रको अभावमा स्वतःस्फूर्त रुपमा बनेका नागरिक अभियानहरू दीर्घकालीन संगठनको रूपमा स्थापित हुनबाट वञ्चित भएका छन् | यस्ता कारणले विशेषगरि मधेश र लुम्बिनी प्रदेशमा सुरू भएका सामाजिक अभियान र पहललाई निरन्तरता दिन आर्थिक स्रोतको पहिचान र दीर्घकालीन समाधानको आवश्यकता देखिन्छ |

पब्लिक एक्सलरेसन् च्यालेन्ज फण्डले महिला, युवा र सीमान्तकृत समूहहरूको हित संरक्षण र प्रवर्द्धनका लागि सञ्जाल वा साझेदारी विस्तार तथा विविधीकरण गर्न इच्छुक नागरिक समाज संस्थाहरूलाई आर्थिक, प्राविधिक, आवश्यक दक्षता, विशेषज्ञता र अन्य सहयोग उपलब्ध गराउने लक्ष्य राखेको छ। यस् च्यालेन्ज फण्डले स्थानीय स्रोत प्रयोग गरी समावेशी र नवीनतम् पद्दतिलाई प्रवर्द्धन गर्दै सीमान्तकृत समुदायका विभिन्न आवश्यकता पूरा गर्न र विभिन्न संघ, सञ्जाल र गठबन्धनमा उनीहरूको पहुँचका लागि नागरिक समाज संगठनहरु बीचको सहकार्यलाई प्रोत्साहन गर्दछ । यसले राज्य र नागरिकबीचको रुपान्तरणीय सम्बन्धलाई प्रोत्साहन गर्ने काम पनि गर्नेछ, जसले समावेशिता र विचार विमर्शद्वारा सामूहिक निर्णयहरू गरी तिनको कार्यान्वयनका लागि नागरिकको क्षमताको महत्त्वलाई पहिचान गर्न सहयोग गर्नेछ।

**पब्लिक एक्सलरेसन् च्यालेन्ज फण्डको विषय क्षेत्र**

पब्लिक एक्सलरेशन च्यालेन्ज फण्डले नागरिक समाजको सबलिकरणका लागि संघ**,** सञ्जाल, गठबन्धन र समूहहरूको निर्माण र विस्तार गर्नमा विभिन्न नागरिक समाज संस्थाहरुलाई सहयोग गर्नेछ । समुदायको आवाज मजबुत बनाउने र महिला, युवा र सीमान्तकृत समुदायका चासो र मुद्दालाई समाधान गर्ने यस फण्डको उद्देश्य रहनेछ । यस्ता संघ**,** सञ्जाल, गठबन्धन र समूहहरूले महिला, युवा र सीमान्तकृत समुदायका संगठित आवाजलाई नेतृत्व गर्ने, पैरवी गर्ने र सामाजिक समस्याहरु हल गर्न पहल गर्ने अपेक्षा राखिएको छ।

**१. पब्लिक एक्सलरेसन् च्यालेन्ज फण्डका उद्देश्यहरू**

- महिला, युवा तथा सीमान्तकृत समुदायको सामाजिक मुद्दाहरू अघि बढाउन स्थानीय आवाजहरूलाई सशक्त बनाउने र ती आवाजुलाई सान्दर्भिक सञ्जाालहरूसँग जोड्ने काम गर्ने ।

- नागरिक समाजको परिदृश्यलाई अघि बढाउन लागि नागरिक अगुवा/अभियन्ताबीच संजाल, संघ र गठबन्धनहरू विस्तार गर्ने र नागरिकका सवाल विस्तारका लागि स्थानीय नागरिक समाज संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।
- नागरिक समाजका अगुवा र नागरिक समाज संस्थाहरुले सामूहिक रूपमा अघि बढाएका सामाजिक मुद्दा केन्द्रित सञ्जाल र संगठनहको दिगोपनका लागि सहजीकरण गर्ने |

२. **अनुदान स्रोत**

च्यालेन्ज फन्डका लागि युएसएआईडी नेपालले सीएसएम-एसटीएएनडी-एलडब्लुएमार्फत् आर्थिक सहयोग उपलब्ध गराउँछ। च्यालेन्ज फन्डअन्तर्गतका अवसरहरूको उद्देश्य समावेशी सुशासन तथा लोकतान्त्रिक सिद्धान्तको सबलीकरणका लागि नेपाल सरकारका मौजुदा कार्यक्रम तथा निजी क्षेत्रमा भएका नव-प्रवर्तन कार्यमा पूरक भूमिका निर्वाह गर्नु हो।

३. **अनुदानबारे सूचना**

**३.१ अनुदानको अनुमानित स्तर:** आवेदकहरूले ५०,००० अमेरिकी डलर सम्मको (नेपाली रुपैयाँ ६,६०५,००० नबढाई) अनुदानका लागि आवेदन पेश गर्न सक्नेछन्। अनुदानको आकारबारे द एशिया फाउण्डेशनको कुनै प्राथमिकता छैन र आवेदकहरूलाई उनीहरूले माग गरेको अनुदानको आकारसँग निरपेक्ष रहेर कार्यक्रमको योग्यताका आधारमा मात्रै मूल्यांकन गरिनेछ।

**३.२ अनुदान कार्यान्वयन अवधि:** अनुदान कार्यान्वयनको अवधि बढीमा १२ महिनासम्मको हुनु पर्नेछ । कार्यक्रमका आवश्यकताबाहेक अन्य कुनै कारणले कार्यान्वयन अवधि निर्धारण गर्ने छैन।

**३.३ अनुदानको प्रकार:** यस आवेदन पत्र आह्वान सूचनाअन्तर्गतका सबै अनुदान खर्चको पुनर्भुक्तानी गरिने प्रकारका अनुदान हुनेछन्।

**४. योग्यताबारे सूचना**

- महिला, युवा तथा  सीमान्तकृत समुदायका मुद्दामा काम गर्ने संजाल, संघ र गठबन्धनमा आधारित र अन्य नागरिक समाज संस्थाहरू ।
- पैरवी र वकालतको क्षेत्रमा काम गरिरहेका र गर्ने तयारीमा रहेका र आफ्ना कामहरु अघि बढाउन चाहेका नागरिक समाज संस्थाहरू ।
- महिला, युवा तथा  सीमान्तकृत समुदायका मुद्दामा काम गरिरहेका संघ, संगठन्, महासंघ र समूहहरु ।

- मधेश र लुम्बिनी प्रदेशमा आफ्नो सन्जाल विस्तार गर्न चाहने र यी दुई प्रदेशबाट अन्य आफ्नो सन्जाल विस्तार गर्न चाहेका नागरिक समाज संस्थाहरू ।
- महिला, युवा तथा सीमान्तकृत समुदायद्वारा सञ्चालनमा रहेका नागरिक समाज संस्थाहरूलाई आवेदनका लागि अत्यन्त प्रोत्साहन गरिन्छ ।

सम्पूर्ण निर्देशन ध्यानपूर्वक पालना गर्नुपर्नेछ। यस सूचनामा उल्लेख भएका मापदण्डहरु पुगेका संस्थाहरुले अवधारणा पत्र पेश गर्नुपर्नेछ। यहाँ उल्लिखित आवश्यकता पूरा गर्न वा पालना गर्न नसक्ने आवेदनहरूलाई अयोग्य मानिनेछ।

**५. पेश गर्ने आवेदनको व्यहोरा**

- अवधारणा पत्रमा कार्यक्रमहरु स्पष्टसँग लेखिएको हुनुपर्नेछ।
- आवेदन नेपाली वा अङ्ग्रेजी भाषामा पेश गर्न सकिन्छ।
- सम्पूर्ण बजेट नेपाली रुपैयाँमा हुनुपर्नेछ।
- सबै पेजमा पेज नम्बर राखिएको हुनुपर्नेछ।
- सबै कागजातलाई A4 साइजको कागजमा फर्म्याट गरिएको हुनुपर्नेछ।

संयुक्त राज्य अमेरिकाको संघीय सरकार अनुदान अन्तर्गत कार्यरत निकायहरूलाई SAM.GOV मा सिर्जना हुने १२ अंकको युनिक एन्टिटी आइडेन्टिफायर (युइआइ) नम्बर लिन अनुरोध गरिन्छ। **पहिलो आवेदन बुझाउनका लागि यो अनिवार्य छैन्।** युइआइ नम्बर प्राप्त गर्न एक हप्ता जति लाग्ने हुनाले आवेदकहरूलाइ यस आवेदन पेश गरेसँगै https://sam.gov/content/home मा दर्ता भएर युइआइ नम्बर लिन प्रोत्साहन गरिन्छ।

**आवेदन पेश गर्ने प्रक्रियाः**

आवेदन पेश गर्ने संस्थाहरूले कृपया निम्न चरणहरू अनिवार्य पालना गर्नुहोला :

**चरण १: अभिरुचि पत्रः** challengefund.np@asiafoundation.org मा इमेल लेखेर नमूना अवधारणा पत्र तथा नमूना बजेटका लागि अनुरोध गर्ने र इमेलको विषयमा प्रष्टसँग "**पब्लिक एक्सलरेसन् च्यालेन्ज फन्ड"** लेखिएको हुनुपर्नेछ ।

**चरण २: आवेदन बुझाउने:** अन्तिम मितिअघि नै इच्छुक आवेदक संस्थाहरूले निम्न कागजात पेश गरिसक्नु पर्नेछ:

**क) अवधारणा पत्र**

अतिरिक्ताङ्ग १ मा दिइएको नमूनाको ढाँचा अनुसार अवधारणा पत्र पेश गर्ने।

अवधारणा पत्रमा समग्र गतिविधिहरू, कार्यक्रम र गतिविधि सामेल हुनुपर्नेछ। अवधारणा पत्रलाई नेपाली भाषामा पनि पेश गर्न सकिनेछ।

**ख) अनुमानित बजेट**

अतिरिक्ताङ्ग २ मा दिइएको नमूना बजेट प्रयोग गर्दै कूल बजेट तथा विस्तृत बजेट विवरण पेश गर्ने । बजेट बनाउनका लागि बजेट नमूना पत्रमा निर्देशनहरु दिइएका छन्।

**ग) अन्य कागजात**

अवधारणा पत्र तथा बजेटसँगै आवेदक संस्थाहरूले निम्न कागजात पेश गर्नुपर्नेछ :

- संस्था दर्ता प्रमाणपत्र
- संस्थाको विधान
- लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि (उपलब्ध भएमा)
- संस्थासँग आबद्ध बोर्ड सदस्यहरू तथा कर्मचारीको सूची

**पूर्व-आवेदन जानकारी सत्र**

यस प्रस्ताव आव्हान सम्बन्धि अन्य जानकारीका लागि पूर्व-आवेदन जानकारी सत्र **साउन ३२, २०८०** मा आयोजना गरिने छ। इच्छुक संस्थाहरुले यस सत्रका लागि यो लिंकमा https://forms.office.com/r/bDjDY4KryU गएर दर्ता गर्न सक्नेछन् वा यस सत्रमा सहभागिताका लागि अनुरोध गर्दै challengefund.np@asiafoundation.org ठेगानामा **साउन ३१, २०८० साँझ ५** बजेअघि इमेल पठाउन सक्नेछन्। पूर्व-आवेदन जानकारी सत्रका लागि दर्ता गरेका संस्थालाई मात्र यस सत्रको लिंक उपलब्ध हुनेछ।

**अनुदानअन्तर्गत निषेधित क्षेत्र:**

यस च्यालेन्ज फन्ड निम्न कार्यका लागि प्रयोग गर्न पाइने छैन:

- निर्माण कार्य: यस अनुदानको रकम निर्माण कार्य वा खर्चतर्फ लगाउन पाइने छैन।
- अनुदानपूर्वका खर्च: यस अनुदान अवसर अन्तर्गत अनुदानपूर्वका खर्च भरपाईका लागि सामेल गर्न पाइने छैन ।

- कार्यक्रम गतिविधिहरू: तल दिइएका गतिविधिमा मात्रै सीमित नरहँदै यस अनुदानले निम्न प्रकारका गतिविधिलाई निषेध गर्छ:
    - नाफामूलक योजनाहरू
    - व्यक्तिगत शैक्षिक अवसरलाई सहयोग गर्ने छात्रवृत्ति
    - अन्य अनुदानबाट सुरु गरिएका गतिविधि समापन गर्न खर्च
    - अर्थसंकलन वा संस्थागत कोष विकासलक्षित योजनाका लागि आर्थिक सहयोग
    - तात्विक रूपमै राजनीतिक प्रकृतिका योजना वा त्यस्ता योजना जसमा राजनीतिक पक्षपात वा एक व्यक्ति वा राजनीतिक दलका लागि समर्थनको झल्को देखिन्छ
    - राजनीतिक दल तथा राजनीतिक पहलका गतिविधि
    - कुनै धर्मविशेषका क्रियाकलापलाई सहयोग गर्ने योजना, तथा
    - लघुऋण वा लघुवित्त योजना, उद्यमका लागि बीजरकम वितरण, तथा कानूनी तथा भूअधिकार केन्द्रित योजनाहरू

**आवेदन पेश गर्ने मिति तथा समय**

सबै आवेदन **भदौ ८, २०८० साँझ ५** बजे नेपाली समयभन्दा अघि आइपुगिसक्नु पर्नेछ। तोकिएको समय सीमाभित्र आवेदन पेश गर्न असमर्थ संस्थालाई अनुदान प्राप्त गर्न योग्य मानिने छैन। सबै आवेदन विद्युतीय माध्यमबाट निम्न इमेल ठेगानामा पठाउनु पर्नेछ र इमेलको विषयमा प्रष्टसँग "**पब्लिक एक्सलरेसन् च्यालेन्ज फन्ड"** लेखिएको हुनुपर्नेछः challengefund.np@asiafoundation.org । इमेल सेवा प्रदायकले दिने टाइम स्ट्याम्प (इमेल प्राप्त भएको समय) को प्रयोगबाट आवेदन समयमै पेश भएको थियो वा थिएन भन्ने निर्धारण गरिनेछ। इच्छुक संस्थाहरूले इमेलमार्फत यस च्यालेन्ज फन्ड आवेदनको सम्पूर्ण प्याकेज माग गर्न सक्नेछन्।

यस आवेदनका लागि आह्वानको सूचना आफैँमा कुनै अनुदान वा फाउण्डेशनका तर्फबाट कुनै प्रतिबद्धता होइन। यसले कुनै आवेदन तयार तथा पेश गर्ने क्रममा भएका खर्चको भरपाईका लागि फाउण्डेशनलाई बाध्य बनाउने छैन।

यस आह्वानका लागि आवेदन छनोट गर्ने वा उल्लेखित् उद्देश्य र मापदण्ड पूर्ति नगरेका कारण कुनै पनि आवेदनलाई आर्थिक सहयोग उपलब्ध नगराउने अधिकार फाउण्डेशनलाई रहनेछ।

## ६. आवेदन समीक्षाबारे सूचना

### ६.१ छनौट मापदण्ड

यस अवसर अन्तर्गत पेश गरिएको प्रत्येक अवधारणा पत्र मूल्यांकन प्रक्रियामा जानेछन्। प्रारम्भिक छनोट प्रक्रियाबाट छनोट भएका आवेदनहरुलाई एक स्वतन्त्र विधिक मूल्यांकन समितिमा मूल्यांकनका लागि पठाइनेछ। तल विस्तारमा व्याख्या गरिएको मूल्यांकन ढाँचा अनुसार मूल्यांकन ढाँचामा दिइएका मापदण्ड अवधारणा पत्रको गुणस्तर आँकलन गर्ने तथा प्रस्तावित गतिविधिको सफलताको सम्भाव्यता निर्धारण गर्ने उद्देश्यले तर्जुमा गरिएका छन्। आवेदनहरूलाई तिनको सम्पूर्णता, सामन्जस्य, स्पष्टता तथा सूक्ष्म विवरणप्रति दिइएको ध्यानका आधारमा समीक्षा गरिनेछ ।

#### ६.१.१ अवधारणा पत्र आँकलन ढाँचा

| मापदण्ड | व्याख्या | अंक |
|---|---|---|
| परियोजनाको अवधारणा तथा योजना खाकाको गुणस्तर | यो मापदण्ड महिला, युवा तथा सीमान्तकृत समूहका व्यक्तिहरूबारे आवेदनले गरेको समस्या व्याख्या, प्रस्तावित गतिविधि तथा विधिको नवीनतम शैली, भौगोलिक कार्यक्षेत्र तथा अनुदानका बृहत् उद्देश्यहरूसँग प्रस्तावित योजनाको सामन्जस्यतासँग सम्बन्धित छ। | ४० |
| समावेशिता | यो मापदण्ड प्रस्तावित् कार्यक्रममा समावेशिताको पहलसँग सम्बन्धित छ। | २० |
| योजनाको उद्देश्य प्राप्त गर्नसक्ने क्षमता | यो मापदण्ड आवेदनमा सम्मिलित लक्ष्य, उद्देश्य, गतिविधि, उत्पादन तथा | २० |

| | | |
|---|---|---|
| | परिणाम कति स्पष्ट व्याख्या भएका छन् र महिला, युवा तथा सीमान्तकृत समूहका व्यक्तिका मुद्दाबारे समस्या व्याख्यासँग कसरी अन्तरसम्बन्धित छन् भन्नेसँग सम्बन्धित छ । | |
| संस्थाको विगतका उपलब्धि तथा संस्थागत क्षमता | यो मापदण्ड संस्थाका तर्फबाट यस योजनाका लागि खटाइएका व्यक्तिहरूको क्षमता तथा संस्थागत क्षमता विवरण र संस्थाका साझेदारहरूको विगतका उपलब्धि तथा क्षमतासँग सम्बन्धित छ । | १० |
| वित्तीय लगानीको उपयोगिता | यो मापदण्ड मूल्यप्रदायन योजना, योजनाको खर्च, वित्तीय प्रभावकारिता तथा कर्मचारीका योगदानको मूल्यांकनसँग सम्बन्धित छ । | १० |

**६.२ समीक्षा तथा छनौट प्रक्रिया**

- पेश गरिएका अवधारणा पत्रहरूलाई माथि उल्लेख भएका दस्तावेजको आधारमा अनुदान प्राप्त गर्न आवेदक संस्था योग्य छ कि छैन भन्ने समीक्षा गरिनेछ र च्यालेन्ज फन्डका योग्यता र उद्देश्यबमोजिम रहे वा नरहेको निर्क्योलको आधारमा प्रारम्भिक चरणका लागि छनौट गरिनेछन् । योग्य ठहराइएका अवधारणा पत्रहरूलाई प्राविधिक मूल्यांकन समितिसमक्ष प्रस्तुत गरिनेछ।

- यसरी संक्षिप्त सूचीमा पर्न सफल अवधारणा पत्रलाई प्राविधिक मूल्यांकन समितिले माथि व्याख्या गरिएको आँकलन ढाँचा अनुसार मूल्यांकन तथा क्रमबद्ध गर्नेछ।
- परिष्कृत अवधारणा पत्र तथा बजेट प्रस्ताव प्राप्त भएपछि अपेक्षित प्रयत्न (ड्यु-डिलिजेन्स्) तथा बजेटसम्बन्धि परस्पर सम्झौता गरिनेछ । अपेक्षित प्रयत्न (ड्यु-डिलिजेन्स्) तथा बजेटसम्बन्धि परस्पर सम्झौता सफल भएमा परिष्कृत अवधारणा पत्र तथा प्रस्तावित बजेटलाई अन्तिम स्वीकृतिका लागि पेश गरिनेछ।
- सबै आवेदनकर्तालाई आवेदनको अन्तिम नतिजाबारे लिखित सूचना दिइनेछ।

### ६.२.१ समयक्रम

| गतिविधि | अन्तिम मिति |
|---|---|
| पूर्व-आवेदन जानकारी सत्र | साउन ३२, २०८० |
| अभिरुचिपत्र तथा संस्थागत दस्तावेज, अवधारणा पत्र तथा बजेट प्रस्ताव पेश | भदौ ८, २०८० |
| आवेदन समीक्षा र अनुदान प्रदान | १.५ देखि २ महिना भित्रमा |

नेपाल सरकारका कर भुक्तानीसम्बन्धि नियम पालना गर्न छनौट भएका संस्था आफैँ जिम्मेवार हुनेछन् ।

## ७. ब्रान्डिङ् तथा मार्किङ्

यस् च्यालेन्ज फन्डका लागि छानिएका संस्थाहरूले अनुदानअन्तर्गतका सम्पूर्ण गतिविधि, प्रचार सामग्री तथा सञ्चार सामग्रीमा युएसएआइडी/नागरिक समाज तथा सञ्चारमाध्यम गतिविधिका लागि ब्रान्डिङ् तथा मार्किङ् योजनामा इङ्गित गरिए अनुसार युएसएआइडी ब्रान्डिङ् तथा मार्किङ् आवश्यकता पालना गर्नुपर्नेछ ।

**अतिरिक्ताङ्ग**

**अतिरिक्ताङ्ग १:** नमूना अवधारणा पत्र

**अतिरिक्ताङ्ग २:** नमूना बजेट

द्रष्टव्य: यी अतिरिक्ताङ्गहरू आवेदनको पूर्ण प्याकेजका अंश हुन् । इच्छुक संस्थाहरूले challengefund.np@asiafoundation.org मा इमेल गरेर च्यालेन्ज फन्ड आवेदनको सम्पूर्ण

कागजातका लागि आग्रह गर्न सक्छन् । इमेल गर्दा विषयमा प्रष्टसँग “**पब्लिक एक्सलरेसन् च्यालेन्ज फन्ड”** लेखिएको हुनुपर्नेछ ।